भ्रामक समाचार, हल्ला र अफवाहरुले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



नेपाली सेना समुदायमा दैनिकी बद्दै




# फलो द मनी

## बहुपक्षिय दातृसंस्थाहरु

- ए.डि.बि. करिव ७ अर्ब २० करोड
- विश्व बैंक करिव ३ अर्ब ४८ करोड
- आई.एम.एफ. करिव ९ अर्ब ४२ करोड

## जम्मा रकम


करिव २२ अर्ब रुपैयाँ

खर्च खै ??

## नेपाल सरकारले छुट्याएको

- १ अर्ब ४२ करोड रुपैयाँ — संघिय सरकार
- ५६ करोड ५० लाख रुपैयाँ — प्रदेश सरकार

# हल्ला - तथ्य




कोरोना भाईरसको संक्रमण देखिएका व्यक्तिहरु परिक्षण गर्न आउनुभन्दा अगाडि थुप्रै व्यक्तिको सम्पर्कमा आएको भन्ने सुनिएको छ । उनिहरुको सम्पर्कमा आएका व्यक्तिले थप कति व्यक्तिलाई भेटे । यो त सयौं व्यक्तिलाई सरिसक्यो भन्छन नि ।

हाल उपचाररत ४ जना मध्ये सरकारले दुईजनाको कन्ट्याक्ट ट्रेसिङ (उनिहरुको सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी अनिवार्य क्वारेन्टाईनमा राख्ने कार्य) सकिएको र अन्य दुईजनाको कन्ट्याक्ट ट्रेसिङको काम ८० % सकिएकोले बाहिर हल्ला भएबमोजिम उनिहरुकै कारण उच्च जोखिम नरहे पनि सतर्कता अपनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ ।



अत्यावस्यकिय दैनिक उपभोग्य वस्तुको विक्रिवितरण गर्ने पसल तोकिएको समयमा मात्र अनिवार्य खोल्नुपर्ने पनि भनेको छ । सरकारले जोखिम मोलेर महत्वपुर्ण सेवा प्रवाह गर्नेलाई के व्यवस्था गरेको छ ?

देशभरका विभिन्न उत्पादन केन्द्रमा उत्पादन भएका वा संकलन केन्द्रमा संकलन भएका  तरकारी, दुध, अण्डा, माछा, मासु तथा खाद्यान्न लगायतका सामाग्री नजिकको बजारकेन्द्र वा काठमाण्डौ उपत्यकामा ढुवानी गर्न आवश्यक ढुवानीका साधनको प्रबन्ध गर्ने र ढुवानी  गर्दा स्थानीय तह मार्फत २५ प्रतिशत ढुवानी अनुदान मिलाउने व्यवस्था गर्ने भनेर सरकारले निर्णय गरेको छ ।



निजि अस्पतालहरुले मौषमी फ्लुका बिरामि पनि उपचार गर्नछोडे रे । के उनिहरुले सरकारले दिने सुविधामात्र लिने हो ? आफ्नो दायित्व पुरा गर्नु पर्दैन ?

सर्वोच्च अदालतले निजि अस्पताललाई बिनासर्त बिरामिको उपचार गर्न अन्तरीम आदेश दिएको छ । संविधानको धारा ३५ ले पनि जनताको आधारभुत स्वास्थ्यको ग्यारेन्टी गरेको छ । नेपालको संविधान बमोजिम कुनै पनि स्वास्थ्य संस्था जनतालाई आवस्यक सेवा दिनबाट पन्छिन मिल्दैन । त्यसमाथि सरकारले अहिलेको विशेष परिस्थितिमा उनिहरुले चैत्र महिनाभरी प्रदान गरेको सबै प्रकारको सेवाशुल्कको बिल बमोजिमको रकममा न्युनतम २० प्रतिशत छुट दिने जनाएको छ ।



सबै स्वास्थ्यकर्मिहरु कोरोनाको त्रास र सरकारको प्रोत्साहनको आशमाछन् । राम्रालाई प्रोत्साहन र खराबलाई सजायको के व्यवस्था छ ?

अहिलेको अवस्थामा आफुले पाएको जिम्मेवारीलाई पुरा गर्नु स्वास्थ्य सेवामा कामगर्ने सबै कर्मचारीको नैतिक अनि व्यवसायिक दायित्व हो । सरकारले कोभिड क्लिनिकमा कामगर्ने स्वास्थ्यकर्मि तथा कर्मचारीलाई खानेबस्ने छुट्टै व्यवस्था गर्न सरकारले तयारी गरेको छ । त्यसै गरेर उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वयंसेविका, सरसफाईमा संलग्न श्रमिक, एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न सुरक्षाकर्मिलाई असार मसान्तसम्म रु. २५ लाख बराबरको नि:शुल्क बिमा दिने व्यवस्था गरेको छ । आफ्नो जिम्मेवारीबाट पन्छिन खोज्ने कर्मचारीलाई भने सरकारले कडा भन्दा कडा कारवाही गर्नेछ ।

## सूचनाका स्रोतहरु

विश्व स्वास्थ्य संगठन

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोभिड-१९ को अवस्थाअ

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपबाली | ३,५२,६६७ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| १२९९ संक्रमित | २५५ संक्रमित | ४९९ संक्रमित | ५९० संक्रमित | ४६८ संक्रमित | १६७ संक्रमित | २,३२० संक्रमित | ९,५८३ संक्रमित |
| | | ३ नेपाली संक्रमित | | | | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

## वैदेशिक रोजगारीमा अँझै जोखिम, सरकारले तुरुन्त समाधान खोज्नु पर्ने

१ कतारमा अहिले पनि विमानस्थल पूर्ण रुपमा बन्द गरीएको छैन जसको कारण यहाँ काम गर्ने कामदारहरु जोखीममा छन् ।

२ प्राय सबै देशमा नेपालीहरु सुपरमार्केटमा पनि काम गर्दछन, सुपरमार्केट बन्द नहुने भएकाले नचाहाँदा नचाहाँदै पनि नयाँनयाँ ब्याक्तिहरुसँग सम्पर्क हुने भएकोले संक्रमणको त्रास बढी छ । कतिपय अवस्थामा आँफूले सावधानी अपनाउँदा पनि रोग सर्छ कि भन्ने मानसीक त्रास छन् ।

३ एउटै कोठामा ८ / १० जनासम्म बस्नु पर्ने बाध्यता छ । कतिपय कामहरु अहिले पनि सञ्चालनमा भएकाले कोठामा संगै बस्ने साथीले कतिबेला कहाँबाट भाईरस लिएर आउने हो भन्ने त्रास छ ।

४ एउटै लेबरक्याम्पमा हजारौं मान्छे बस्ने भएकाले कहिँ कतैबाट भाईरसको संक्रमण एक व्यक्तिमा दखीयो भने भयाभह हुने स्थिती छ ।

### अहिलेको अवस्थामा सरकारले तत्काल पुरा गर्नसक्ने एउटा माग


भिषा सकिएका र घर आउन ठिक्क परेका तर आफ्नो देश आउन नपाएका व्यक्तिहरुको स्थिती अलिक खराब भएको कारणले एक पटक आउने मौका दिएर (ब्यावस्था मिलाएर) उनिहरुलाई क्वारिन्टिनमा राख्न सकीन्छ ।

accountabilitylab NEPAL

सही सूचना


# के सरकार कोभिड - १९ बाट संक्रमितहरूको सम्पर्कमा आएका व्यक्तिहरूको पहिचान गर्न चुकिरहेको छ ?

## कोभिड - १९ बाट संक्रमितहरूको सम्पर्कमा आएका र पहिचान गरिएका व्यक्तिहरूको विवरण




माथिको ग्राफले संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको पहिचान गरेर आईसोलेशनमा राख्ने सन्दर्भमा नेपाल सरकारले राम्रै उपलब्धी हाँसिल गरेको देखिन्छ । सरकारका अनुसार पहिलो दुईवटा केसको सतप्रतिशत र पछिको दुईवटा केसको ८० प्रतिशत हो । तर, चारैजनाको ६ दिनको ट्राभल हिस्ट्रि अनुमान गर्दा भने तथ्यलाई विश्वास गरिहाल्ने अवस्था देखिदैन । यसले सरकारले गरिरहेको प्रयासमाथि अँझै प्रश्न गर्ने ठाउँ छ भन्ने देखाउँछ ।

## कोरोना भाईरस परिक्षणकालागि प्रयोगशाला सेवाको व्यवस्थापन



सुदुरपसश्चिम प्रदेश
धनगढी - प्रयोगशाला परिक्षणकोलागि आवश्यक औजार तथा उपकरण सहित विज्ञ टोलि पुगिसकेको

कर्णाली प्रदेश
सुर्खेत - प्रयोगशाला परिक्षणकोलागि आवश्यक औजार तथा उपकरण सहित विज्ञ टोलि पुगिसकेको

गण्डकी प्रदेश
पोखरा - गण्डकी प्रदेश अस्पताल सञ्चालनमा

बागमती प्रदेश
टेकु - राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सञ्चालनमा
हेटौडा - प्रयोगशाला परिक्षणकोलागि आवश्यक औजार तथा उपकरण सहित विज्ञ टोलि पुगिसकेको

प्रदेश ५
बुटवल र नेपालगञ्ज - २/३ दिनमा सेवा सञ्चालन हुँद

प्रदेश २
प्रयोगशाला परिक्षणकोलागि आवश्यक औजार तथा उपकरण सहित विज्ञ टोलि पुगिसकेको

प्रदेश १
धरान - वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा

# स्वास्थ्यकर्मि र अग्रपंक्तिमा रहेर काम गर्ने कर्मचारीलाई विशेष सुरक्षा गर्नु किन सरकारको नैतिक जिम्मेवारी हो ?



विश्व स्वास्थ्य संगठन र व्यक्तिगत सुरक्षा उपकरणको सन्दर्भमा बनेको राष्ट्रिय कार्यविधि अनुसार अग्रपंक्तिमा कामगर्ने स्वास्थ्यकर्मिकालागि प्रयाप्त मात्रामा संक्रमण रोकथाम र नियन्त्रण उपायहरु अवलम्बन गर्न आवश्यक छ ।

व्यक्तिगत सुरक्षा उपकरण (पिपिइ)को अभावकाबारेमा नेपालमामात्र नभएर विश्वव्यापि रुपमा बिभिन्न बहस हुनुकासाथै समाचारहरु आईरहेका छन् । पिपिइ अहिले तततातो बहसको विषय बनेको छ । यहाँमात्र नभएर अमेरीकामा पनि स्वास्थ्यकर्मिले पिपिइ बिना कामगर्न नसकिने भनिरहेकाछन् ।

## सर्वव्यापी बुझाई:
पिपिइ स्वास्थ्यकर्मिको सुरक्षा र फाईदाकोलागि मात्र हो ।

## वास्तविकता:
१. पिपिइले पक्कै पनि संक्रमण फैलिनबाट स्वास्थ्यकर्मिलाई जोगाउँछ ।
२. यदि स्वास्थकर्मि संक्रमित भएकाछन् भने, त्यो समयमा उनिहरु कामगर्न सक्दैनन् । उनिहरुले सेल्फ क्वारेन्टाईन् वा आईसोलेशनमा बस्नुपर्ने हुन्छ ।
३. कोभिड - १९ बाट संक्रमित एकजना स्वास्थ्यकर्मिले सहकर्मि र अन्य थुप्रै व्यक्तिलाई संक्रमित बनाउन सक्छ ।

## यो किन महत्वपुर्ण छ ?
सरकारले कोभिड - १९ को संक्रमण र फैलावटलाई न्युनिकरण गर्न देश लकडाउन गरिरहेको छ । लकडाउनको समयमा व्यवसाय ठप्प भएकाले आम नागरिक र समग्रमा देशनै पुर्णरुपले प्रभावित भएको अवस्थामा पिपिइ बिना सरकारले देश लकडाउन गर्नुको उद्देश्य पुरा हुने देखिदैन । कोभिड - १९ महामारी को परिक्षण भन्दा बाहेक पिपिइ एउटा मात्र सबैभन्दा महत्वपुर्ण वस्तु हो । स्वास्थकर्मिले आकस्मिक कक्षमा बिरामिको उपचार नगार्नु आफैमा नैतिकता भन्दा बाहिरको कुरा हो । साथसाथै स्वास्थ्यकर्मिलाई जोखिममा राखेर संक्रमणको सम्भावना निम्त्याउनु पनि उत्तिकै अनैनिक कार्य हो ।

## नेपालमा पिपिइको अवस्था र विश्वसनिय खरिद प्रणाली
हालै सरकारले केही पिपिइ खरिद गरेको छ भने, केही अनुदानमा पाएको छ । ति उपकरणहरु सरकारी र निजि अस्पताल, मेडिकल कलेजमा कामगर्ने स्वास्थ्यकर्मिलाई उपलब्ध गराईनु पर्दछ । सरकारले अझै सम्भावित खतरालाई मध्यनजर गरी धेरैमात्रामा पिपिइ खरिद गर्न आवश्यक छ । तर, खरिद प्रणालि विश्वसनिय र पारदर्शि हुन पनि त्यतिकै जरुरी छ । यसको अभावमा यो महामारीको रोकथाम र नियन्त्रण गर्न भने असम्भव छ ।

## काल्पनिक संसारमा बाँच्नु भन्दा पनि व्यवहारीक बनौं
हामि काल्पनिक संसारमा बाँच्नुभन्दा नि व्यवहारिक हुनुपर्ने हुन्छ । यहाँ पिपिइको अभाव हुन सक्छ तर, उपयुक्त विकल्पको खोजि गर्नु र अग्रपंक्तिमा रहेर कामगर्ने सम्पुर्ण स्वास्थ्यकर्मिलाई उपकरणको उपलब्धताको सुनिश्चितता गर्नु सरकारको पहिलो नैतिक जिम्मेवारी हो ।

यो डा. सुशिल कोईरालाको नितान्त व्यक्तिगत धारणा हो
इमेल: koiralasushil@hotmail.com

# मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

## COVID-19
## हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्डाटा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

### यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

### बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

### रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities